# बसपार्क भाडामा सञ्चालन सम्बन्धी सार्वजनिक सूचना

(पुन: प्रकाशित मिति: २०७५/०६/२४)

देवचुली नगरपालिका - १३ दलदलेमा निर्मित देवचुली नगरपालिकाको बसपार्कमा आधारभुत संरचना तयार गरि सकिएको र देवचुली नगर कार्यपालिकाको निर्णय अनुसार उक्त स्थानमा बसपार्क सञ्चालन गर्नका लागी इच्छुक फर्म , संघ संस्था वा कम्पनिहरुबाट फर्म दर्ता प्रमाण पत्र, मु. अ. क. दर्ता,अघिल्लो आ.व. सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिको साथमा तोकिएको न्युनतम अंकमा नघट्ने गरी मिति २०७३/०६/१६ गते ७ (सात) दिने सूचना प्रकाशित गरेकोमा आवश्यक न्युनतम संख्यामा प्रस्ताव पेशहुन नआएकाले पुन: ३दिने शिलबन्दी प्रस्ताव पेश गर्न म्याद थप गरिएको छ। यस अघी नै कार्यालयमा दर्ता हुन आएका प्रस्तावहरुलाइ कायम गरिनेछ। थप जानकारिको लागि नगरकार्यपालिकको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

प्रचलित कानुन बमोजिम सञ्चालित स्थानिय यातायात व्यवसायी कम्पनी, बजार व्यवस्थापन समिति आदिलाई प्राथमिकता दिइनेछ।

प्रस्ताव खरिद तथा पेश गर्ने अन्तिम मिति तथा समय: २०७५/०६/२६ गते, दिनको १२:०० बजे भित्र

प्रस्ताव खोल्ने मिति तथा समय: २०७५/०६/२६ गते, दिनको १:०० बजे

पेशहुन आएका प्रस्तावहरु स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार कार्यालयमा निहित रहनेछ।

शर्तहरु:

१.ठेक्का अवधी २०७६ अषार मसान्त सम्म रहने छ।

२. छनौट भएको प्रस्तावकले आफ्नो जम्मा कबोल अंकको ५०% रकम यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको प्रमाण पेश गरेपछी मात्र पट्टा उठाउन पाइनेछ।

३. बत्ति, पानी, शौचालय व्यवस्थापनको जिम्मा बसपार्क सञ्चालकको नै रहनेछ।

४.अधिकतम भाडा दर यस प्रकार कायम हुने छ।

४.१अटो, ई- रेक्सा : दैनिक रू. २०

४.२चार पाङ्ग्रे हलुका सवारी : दैनिक रू. ३०

४.३बस, मिनि बस : दैनिक रू. ४०

| क्र.स. | ठेक्का सूचना नं | ठेक्का विषय क्षेत्र | न्युनतम अंक | कैफियत |
|---|---|---|---|---|
| १. | २/२०७५-०७६ | बसपार्क भाडामा सञ्चालन गर्ने सम्बन्धी | रु. ६०,०००.०० | २०७५ कार्तिक देखी २०७६ असार मसन्त सम्मका लागी |

प्रमुख्र प्रशासकिय अधिकृत

देवचुली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

Scanned by CamScanner